(२) स्थानीय तहबाट अपाङ्गतासँग सम्बन्धित कार्य गर्ने शाखा वा महाशाखालाई कार्यविवरण सहितको जिम्मेवारी दिई सिलसिलेवार रुपमा लक्षित कार्यक्रम सञ्चालनको लागि दीर्घकालिन लक्ष्य निर्धारण गरेर कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यक्रम सञ्चालन गर्दा अपाङ्गताको वर्गिकरण अनुसार समस्या पहिचान, योजना निर्माण, कार्यक्रमको कार्यान्वयन, अनुगमन मूल्याङ्कन तथा कार्यक्रमको लाभकर्ता र लक्षित समूहको सहभागिता अनिवार्य गर्नु पर्नेछ।

४. <u>कार्यक्रमका मुख्य क्रियाकलापः</u> (१) अनुसूची बमोजिम क्रियाकलाप हुने गरी देहाय बमोजिमका कार्यक्रम सञ्चालन हुनेछन्:-

(क) अपाङ्गता रोकथाम तथा सहजीकरण सम्बन्धी कार्यक्रम,

(ख) अपाङ्गता पहिचान र उपचार कार्यक्रम,

(ग) अपाङ्गता भएका व्यक्ति र परिवारको जीवनस्तर सुधार लक्षित कार्यक्रम,

(घ) संस्थागत सुदृढीकरण सम्बन्धी कार्यक्रम।

(२) उपदफा (१) बमोजिमका क्रियाकलापको वर्गिकरण अनुसूची बमोजिम हुनेछन्।

५. <u>कार्यक्रम सञ्चालन प्रक्रियाः</u> (१) मन्त्रालयले कार्यक्रम साझेदारीमा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तहसँग प्रस्ताव आह्वान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थानीय तहबाट प्राप्त प्रस्तावको समितिले अध्ययन गरी स्थानीय तहसँग सहकार्यको लागि सहजीकरण गर्नु पर्नेछ।

(४) दफा ४ बमोजिमका क्रियाकलाप सञ्चालन गर्न मन्त्रालयले प्रदेशमा कार्यरत वा कार्य गर्न इच्छुक संयुक्त राष्ट्र संघीय निकाय, द्विदेशीय वा बहुदेशीय संस्था वा अन्तर्राष्ट्रिय वा राष्ट्रिय गैर सरकारी वा निजी संस्थासँग आर्थिक तथा प्राविधिक सहकार्य गर्न सक्नेछ।

(५) दफा ४ बमोजिमका क्रियाकलाप सञ्चालनमा सहकार्य गर्न चाहने साझेदार संस्थाले आफूले काम गर्न चाहेको एक वा एक भन्दा बढी स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न लाग्ने कुल बजेटको कम्तीमा पच्चीस प्रतिशत रकम साझेदारी गर्नु पर्नेछ।

(६) साझेदार संस्थाले काम गर्ने स्थानीय तहमा साझेदार संस्थाको कार्यक्रम कार्यान्वयनमा सामूहिक उत्तरदायित्व रहने छ।

प्रदेश सचिव

(७) यस निर्देशिका बमोजिमको क्रियाकलाप सञ्चालन गर्नको लागि समन्वय र सहकार्य गर्न मन्त्रालय र नेपाल सरकारको सम्बन्धित मन्त्रालय बीच वर्षको कम्तीमा दुई पटक बैठक बस्ने छ।

(८) उपदफा (७) बमोजिमको बैठकमा मन्त्रालयले प्रदेशका विषयगत मन्त्रालय, स्थानीय तह र साझेदार संस्थालाई आमन्त्रण गर्न सक्नेछ।

(९) बैठकको निर्णय कार्यान्वयन गर्न प्रदेश सरकारले नेतृत्व र समन्वय गर्नुपर्नेछ।

६. <u>सहजकर्ताको छनौट र तालिमः</u> (१) अपाङ्गता भएका व्यक्ति र तिनका परिवार, गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुलाई घरदैलोमा सेवा प्रवाह गर्न प्रत्येक स्थानीय तहले सहजकर्ता वा सम्पर्क व्यक्ति तोक्नुपर्नेछ।

(२) भौगोलिक अवस्थिति र अपाङ्गता जटिलताको आधारमा स्थानीय तहले एक भन्दा बढी सहजकर्ता छनौट गर्न सक्नेछन्।

(३) सम्बन्धित स्थानीय तहले थप आर्थिक व्ययभार नपर्ने गरी देहाय बमोजिमको प्राथमिकताक्रमका आधारमा सहजकर्ता वा सम्पर्क व्यक्ति तोक्नुपर्नेछः-

(क) स्थानीय तहमा कार्यरत कर्मचारी,

(ख) स्थानीय तहमा रहेका अन्य स्वयम् सेवक कर्मचारी,

(ग) साझेदार संस्थाबाट पारिश्रमिक पाउने गरी नियुक्त कर्मचारी।

७. <u>लक्षित वर्गको सहभागिताः</u> (१) कार्यक्रम सञ्चालन गर्नको लागि योजना तर्जुमा देखि कार्यक्रमको समीक्षासम्मको सबै चरणमा सम्बन्धित स्थानीय तहमा रहेका लक्षित वर्गको सहभागिता गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम क्रियाकलाप सञ्चालन गर्नु पूर्व मन्त्रालयले साझेदार संस्थाको क्षमता अभिवृद्धि गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(३) मन्त्रालयले शिशु स्वास्थ्य तथा अपाङ्गतालाई सहजीकरण तथा रोकथाम क्रियाकलाप सञ्चालन गर्दा मातृ शिशु स्वास्थ्य तथा अपाङ्गताका क्षेत्रमा काम गर्ने संस्थासँग समन्वय र सहकार्य गर्नु पर्नेछ।

(४) मन्त्रालयले मातृशिशु स्वास्थ्य र अपाङ्गताका क्षेत्रमा स्थानीय तहमा काम गर्ने राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थालाई समेत सहभागिता गराई वार्षिक योजना निर्माण गर्नु पर्नेछ।

(५) स्थानीय तहमा रहेका स्वास्थ्य संस्था, आमा समूह, विद्यालय, बाल क्लब, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित संघ संस्था र समूहको साझेदारीमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।



प्रदेश सचिव

८. <u>कार्यक्रमको लागत, लागत साझेदारी र बजेटको व्यवस्थाः</u> (१) कार्यक्रम सञ्चालनको लागि संघीय मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, र इच्छुक साझेदार संस्था प्रत्येकको कम्तीमा पच्चीस प्रतिशत लागत साझेदारी र साझेदार संस्थाको प्राविधिक सहयोग हुनु पर्नेछ ।

(२) दफा ४ बमोजिमको कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम मन्त्रालय मार्फत् स्थानीय तहको खातामा जम्मा गर्नु पर्नेछ।

(३) दफा ४ बमोजिमको कार्यक्रम सञ्चालनको लागि गर्न साझेदार संस्थाबाट प्राप्त हुने रकम स्थानीय तहको खातामा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्यक्रमको खर्च नेपाल सरकारको खर्च प्रणाली र मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ।

(५) कार्यक्रमको लागत साझेदारी सम्बन्धी अन्य व्यवस्था साझेदार संस्थासँग भएको द्विपक्षिय वा बहुपक्षिय सम्झौता बमोजिम हुनेछ।

९. <u>निर्देशक समितिको गठनः</u> (१) कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण र निर्देशन दिन एक निर्देशक समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन हुनेछः-

| | |
|---|---|
| (क) मन्त्री, मन्त्रालय | -संयोजक |
| (ख) सचिव, मन्त्रालय | -सदस्य |
| (ग) प्रमुख, स्वास्थ्य सेवा महाशाखा | -सदस्य |
| (घ) प्रमुख, शैक्षिक विकास महाशाखा | -सदस्य |
| (ङ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (च) अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ प्रदेश समिति | -सदस्य |
| (छ) प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय | -सदस्य-सचिव |

(३) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(४) समितिले आवश्यकता अनुसार सम्बन्धित विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

१०. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहको छनौट गर्ने,

(ख) कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि मार्गदर्शन गर्ने,



प्रदेश सचिव

(ग) कार्यक्रम सम्बन्धी वार्षिक एवं अर्धवार्षिक समीक्षा गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको क्रममा आएका समस्याको समाधानका लागि सहजीकरण गर्ने,

(ङ) स्थानीय तहलाई बजेट प्रवाह गर्न आवश्यक समन्वय गर्ने,

(च) प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा कार्यक्रम समावेश गर्न सिफारिस गर्ने,

(छ) आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने ।

११. <u>कार्यक्रम व्यवस्थापन समितिको गठनः</u> (१) कार्यक्रम कार्यान्वयन गर्नको लागि स्थानीय तहमा एक कार्यक्रम व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) उपप्रमुख वा उपाध्यक्ष, सम्बन्धित स्थानीय तह | - अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) प्रतिनिधि, कार्यालय | - सदस्य |
| (घ) स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| (ङ) शिक्षा शाखा प्रमुख | - सदस्य |
| (च) अध्यक्ष, स्थानीयस्तरमा रहेको अपाङ्गता भएका व्यक्तिको संस्था | - सदस्य |
| (छ) प्रतिनिधि, सम्बन्धित साझेदार संस्था | - सदस्य |
| (ज) प्रमुख, अपाङ्गता सम्बन्धी कार्य गर्ने शाखा | - सदस्य-सचिव |

(३) सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्ष कार्यक्रम व्यवस्थापन समितिको संरक्षक हुनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(५) समितिले आवश्यकता अनुसार सम्बन्धित विज्ञ र सरोकारवालालाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(६) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

१२. <u>कार्यक्रम व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः</u> कार्यक्रम व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयनलाई सहज बनाउन कार्यक्रम कार्यान्वयन मार्गदर्शन बनाई कार्यान्वयन गर्ने,



प्रदेश सचिव

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि यस कार्यक्रमसँग सम्बन्धित स्थानीय सेवा प्रदायक संस्थालाई परिचालन गर्ने,

(ग) कार्यक्रमको प्रगति अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण उपलब्ध गराउने,

(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालयबाट प्राप्त पृष्ठपोषणलाई पालना गर्न लगाउने ,

(ङ) कार्यक्रम कार्यान्वयनका क्रममा आउने समस्या तथा विवादको निरुपणका लागि पहल गर्ने,

(च) कार्यक्रमका लागि दफा सहजकर्ताको व्यवस्थापन गर्ने,

(छ) कार्यक्रमको वार्षिक तथा त्रैमासिक योजना बनाउने,

(ज) अर्धवार्षिक र वार्षिक समीक्षा बैठक आयोजना गर्ने,

(झ) मन्त्रालय र सम्बन्धित संस्थासँग बजेट माग गर्ने,

(ञ) चौमासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने गराउने।

१३. <u>अनुगमन तथा मूल्याङ्कनः</u> (१) मन्त्रालय र कार्यालयले कार्यक्रमको अनुगमन गर्नुपर्नेछ।

१४. <u>लेखा परीक्षणः</u> कार्यक्रमको लेखा परीक्षण स्थानीय तहले प्रचलित कानून बमोजिम गराउनु पर्नेछ।

१५. <u>अभिलेख तथा प्रतिवेदनः</u> (१) स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क अद्यावधिक गरी वार्षिक रुपमा मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) स्थानीय तहले कार्यक्रमको भौतिक तथा वित्तीय प्रतिवेदन चौमासिक र वार्षिक रुपमा तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१६. <u>बाधा अड्काउ फुकाउः</u> यस निर्देशिका कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा अड्काउ मन्त्रालयले फुकाउन सक्नेछ।

१७. <u>अनुसूची हेरफेरः</u> अनुसूचीमा फेरबदल गर्नु परेमा मन्त्रालयले हेरफेर गर्न सक्नेछ।

प्रदेश सचिव

अनुसूची

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**कार्यक्रमका मुख्य क्रियाकलाप**

१. अपाङ्गता रोकथाम कार्यक्रमः

(क) नव दम्पत्तीलाई गर्भ योजना तथा गर्भवती महिलालाई सुरक्षित मातृत्व सम्वन्धी सूचनामूलक क्रियाकलाप,

(ख) मातृशिशु तथा बाल स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम,

(ग) नवजात शिशुमा कुनै किसिमको अपाङ्गता भए नभएको एकिन गर्न सबै नवजात शिशुको स्वास्थ्य परिक्षण,

(घ) दश वर्षमुनिका प्राथमिक तहमा अध्ययनरत सबै बालबालिकमा अपाङ्गता वा अपाङ्गता हुन सक्ने समस्या भए नभएको एकिन गर्न स्वास्थ्य परीक्षण गर्ने।

२. अपाङ्गता पहिचान र उपचारः

(क) स्वास्थ्य कार्यालयसँगको सहकार्यमा अपाङ्गता पहिचान शिविर सचालन गर्ने

(ख) स्थानीय तह वा जिल्ला वा माथिल्लो तहमा उपचार हुने र स्वास्थ्य पुनःस्थापना सेवा आवश्यक पर्ने व्यक्तिको सूची तयार गर्ने, सहायक सामग्री, उपचार, प्रेषण र पुनःस्थापना सेवाको व्यवस्थापन वा समन्वय गर्ने।

३. अपाङ्गता भएका व्यक्तिको पुनःस्थापना जीवनस्तरमा सुधारः

(क) अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क संकलन र अद्यावधिकरण,

(ख) पुनःस्थापना योजना निर्माण,

(ग) स्वास्थ्य उपचार,

(घ) सहायक सामग्री प्रदान,

(ङ) नियमित फिजीयोथेरापी सेवा,

(च) अभिभावकलाई सीप तालिम,

(छ) समावेशी शिक्षा कार्यक्रम, विद्यालय भर्ना, विशेष कक्षामा भर्ना, घरदैलोमा अनौपचारिक शिक्षा, दौतरी शिक्षा,

(ज) सीप विकास तालिम, बिउँ पूँजीको व्यवस्था, क्षमता विकासका लागि तालिम,

(झ) अपाङ्गता भएका व्यक्तिका अधिकार र सवालका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

४. संस्थागत सुदृढीकरणः

(क) सामाजिक विकास मन्त्रालय अन्तर्गतको सामाजिक विकास महाशाखालाई यस कार्यक्रम कार्यान्वयन गर्न सबलीकरण गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिको हरेक कार्यमा सहजीकरण गर्न मन्त्रालयमा सहायता कक्ष स्थापना गर्ने,

प्रदेश सचिव

(ग) स्थानीय तहमा अपाङ्गता सम्बन्धी स्पष्ट कार्यक्षेत्र तथा अधिकारसहितको शाखा र जनशक्ति व्यवस्थापन,

(घ) कार्यक्रमका बारेमा जनप्रतिनिधि र कर्मचारीलाई जानकारी गराउने,

(ङ) एक स्थानीय तह एक सहायता कक्षको स्थापना,

(च) वार्षिक योजना तर्जुमा, अनुगमन तथा समीक्षा गर्ने।

प्रदेश सचिव

प्रमुख सचिव

# अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका, २०८१

**प्रस्तावनाः** मानवमा जन्मजात तथा जन्मपश्चात हुने अपाङ्गता न्यूनीकरण गर्दै अपाङ्गता भएका व्यक्तिको जीवनमा सहजीकरण गर्नको लागि प्रदेश सरकारबाट एकीकृत रुपमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा १२ को उपदफा (१) बमोजिम कर्णाली प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका, २०८१" हुनेछ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कार्यक्रम" भन्नाले दफा ४ बमोजिम सञ्चालन हुने कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले सामाजिक विकास कार्यालय सम्झनु पर्छ र सो शब्दले शिक्षा विकास निर्देशनालय समेतलाई जनाउछ।

(ग) "निकाय" भन्नाले अपाङ्गता भएका व्यक्तिको जीवनमा सहजीकरण गर्नको लागि आवश्यक काम कारवाही र सेवा प्रदान गर्ने सरकारी, अर्धसरकारी, गैरसरकारी वा प्रचलित कानून बमोजिम दर्ता भएका संघ संस्था सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागिरक मन्त्रालय" सम्झनु पर्छ।

(छ) "सहजकर्ता" भन्नाले समुदायमा आधारित पुनःस्थापना सहजकर्ता सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा १० बमोजिम गठित निर्देशक समिति सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले कार्यक्रम कार्यान्वयन गरिने कर्णाली प्रदेशका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

३. **कार्यक्रम सञ्चालन विधिः** (१) अपाङ्गता भएका व्यक्तिको जीवनमा सहजीकरण गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र इच्छुक साझेदार संस्थाको साझेदारीमा कार्यक्रम सञ्चालन हुनेछ।

प्रदेश सचिव